# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७५।१२।१४ गते

# प्रेस विज्ञप्ति

## विषयः आरोप-पत्र दायर गरिएको।

---

नेपाल प्रहरीमा कार्यरत प्रहरी नायव निरीक्षक खेमराज कठायतको शैक्षिक योग्यताको प्रमाणपत्र छानबिन गरी पाउँ भन्ने व्यहोराको उजुरी सम्बन्धमा अनुसन्धान हुँदा निज कठायतले इलाहाबाद विश्वविद्यालय, इलाहाबाद, भारतबाट प्राप्त स्नातक(Bachelor of Commerce) तहको नक्कली शैक्षिक योग्यताको प्रमाण-पत्र पेश गरी प्रहरी नायव निरीक्षक पदबाट प्रहरी निरीक्षक पदमा बढुवा भई लाभ तथा सुविधासमेत लिएको देखिँदा निजको उक्त कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) अनुसारको कसुर गरेको देखिन आएको हुँदा निजलाई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र दफा २९ को उपदफा (२) तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिमको सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(प्रदीपकुमार कोइराला)
प्रवक्ता